नेपाल सरकार

गृह मन्त्रालय

नेपाल प्रहरी अस्पताल

महाराजगंज, काठमाण्डौं

# शिलबन्दी राष्ट्रिय बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७२।०९।०७ गते ।

सूचना नं.३।०७२।०७३

मडिकल डाइरेक्टर
डा सुमन सम्सेर ज.ब.रा
प्रहरी अतिरिक्त महानिरीक्षक

यस अस्पताललाई आ.व.०७२।०७३ को लागि तपसिलमा उल्लेखित मेशिनरी उपकरणहरु खरिद गर्नुपर्ने भएकोले सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था तथा कम्पनीहरुबाट रितपुर्वक राष्ट्रिय शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

## बोलपत्र सम्वन्धी विवरण:

| समुह | सि.नं. | सामानको नाम | परिमाण | जमानत रकम | बोलपत्र फारम दस्तुर | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| Group A- Medical Equipments & Instruments | 1 | Laser Machine for Indo Urology ( 100 W Holmium) | १ सेट | रु.४,२९,०००।- | | | | |
| | 2 | Anaesthesia Machine with Ventilator | १ सेट | रु.६१,०००।- | | | | |
| | 3 | Patient Monitor | ५ सेट | रु.५०,०००।- | | | | |
| | 4 | Laparoscopy Machine set | १ सेट | रु.१,४०,०००।- | | | | |
| | 5 | OT Light | १ सेट | रु.७१,०००।- | | | | |
| | 6 | OT Table | १ सेट | रु.६७,०००।- | | | | |
| | 7 | Portable OT Light | १ सेट | रु.५,५००।- | | | | |
| | 8 | Cautery Machine | २ सेट | रु.३८,०००।- | | | | |
| | 9 | URS Set | १ सेट | रु.१९,०००।- | | | | |
| | 10 | Infusion Pump | १ सेट | रु.३,३००।- | | | | |
| | 11 | ICU Ventilator | २ सेट | रु.१,०४,०००।- | रु.३,०००।- | २०७२।१०।०६ गते कार्यालय समय भित्र | २०७२।१०।०७ गते दिनको १२:०० बजे भित्र | २०७२।१०।०७ गते दिनको १४:०० बजे |
| | 12 | Digital Color Doppler Ultrasound with Liver Elastography | १ सेट | रु.२,५५,०००।- | | | | |
| | 13 | Computed Radiography CR System | १ सेट | रु.६९,०००।- | | | | |
| | 14 | Defibrillator | १ सेट | रु.१२,०००।- | | | | |
| | 15 | Dental Chair | १ सेट | रु.२३,०००।- | | | | |
| | 16 | Chemiluminescence Immunoassay (CLIA) System | १ सेट | रु.९६,०००।- | | | | |
| | 17 | Dialysis Machine | ४ सेट | रु.१,७०,०००।- | | | | |
| | 18 | ENT Flexible Videoscope | १ सेट | रु.८६,०००।- | | | | |
| | 19 | Steam Sterilization Autoclave Machine | १ सेट | रु.३३,०००।- | | | | |
| | 20 | TURP Set | १ सेट | रु.१६,५००।- | | | | |
| Group B- Computer, Printer & Accessories | 1 | Branded Desktop Computer | २५ सेट | | | | | |
| | 2 | Laser Printer B/W | १० सेट | रु.७२,०००।- | रु.१,०००।- | | | |
| | 3 | UPS 1.2 KVA | २५ सेट | | | | | |

१. तोकिएको शुल्क तिरी उल्लेखित समय भित्र लिखित निवेदन सहित कारोबार दर्ता तथा नविकरण प्रमाणपत्र, मु.अ.कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व. ०७१।०७२ को करचुक्ता प्रमाणपत्रको नोटरी पव्लीकबाट प्रमाणित प्रतिलिपी समेत संलग्न राखि यस अस्पतालको प्रवन्ध शाखा र कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाण्डौंबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ ।

२. दर्ता गर्ने अन्तिम मिति र समय भित्र तोकिएका जमानत, बोलपत्र फारममा उल्लेखित कागजात सहित शिलबन्दी बोलपत्र यस अस्पतालको प्रवन्ध शाखामा दर्ता गरी सक्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र दाखिल गर्ने अन्तिम दिन १४:०० बजे उपस्थित बोलपत्रदाता वा निजहरुका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता तथा निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन । बोलपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन कारणवस कुनै सार्वजनिक बिदा परेमा सो दिनको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समयमा बोलपत्रहरु खोलिने छ । निर्धारित मितिमा कारणवश बोलपत्र नखोलिएमा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

४. बोलपत्र फारम साथ तोकिएको जमानत रकममा नघटाई “क” श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैंकबाट नियमानुसार जारी भएको जमानत पत्र वा कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौंको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक ठमेल स्थीत यस अस्पतालको कार्यालय कोड नं.२७-३१४-०९, एकल धरौटी खाता नं.११००२०३ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ । **बोलपत्र मान्य अवधि बोलपत्र खोल्ने मिति देखी गणना हुने गरी ९० दिनको हुने छ । बोलपत्र जमानत बोलपत्र मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी मान्य हुनुपर्नेछ ।**

५. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहने छ ।

६. बोलपत्रदाताले **e-submission** पनि गर्न सक्नेछन् ।

**e-submission गर्न चाहने बोलपत्रदाताहरुको लागि**

(क) सार्वजनिक खरिद अनुगमन कार्यालयको Portal www.gepson.gov.np बाट e-bidding को कार्य गरिने छ । उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले e-bidding मा भाग लिन सक्नेछन् ।

(ख) e-bidding मा भाग लिने बोलपत्रदाताहरुले बोलपत्र साथ पेश गर्नुपर्ने कागजातहरु e-bidding Portal www.gepson.gov.np बाट डाउनलोड गरे पश्चात स्पष्ट सँग भरी सो को Scanned Copy PDF Format मा Upload गर्नुपर्नेछ । साथै बोलपत्र फारम दस्तुर बापतको रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, लैनचौर, काठमाण्डौको नाममा रा.बा.बैंक ठमेलमा रहेको यस अस्पतालको कार्यालय कोड नं.२७-३१४-०९, राजश्व शिर्षक नं. १४२२७, खाता नं.१-१-००१ मा जम्मा गरी बैंक भौचरको Scanned Copy PDF format मा Upload गर्नुपर्नेछ ।

(ग) e-submission गर्ने बोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले बोलपत्र दाखिला गर्ने अन्तिम मिति भित्र Upload गरी सक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु तोकिएको मिति र समयमा खोलिनेछ र पेश गरिएका कागजातहरुको सक्कल प्रतिको साथै उक्त कागजातहरु नोटरी पब्लिकबाट समेत प्रमाणित गराई यस अस्पतालले माग गरेको बखत पेश गर्नुपर्नेछ ।

(घ) बोलपत्र दाताले e-bidding मार्फत बोलपत्र खोल्ने समयमा निजको e-bid दर्ता भएको नदेखिएमा यस अस्पताल जवाफदेहि हुनेछैन ।

(ङ) एकै बोलपत्रदाताले शिलवन्दी बोलपत्र वा e- bidding मध्ये कुनै एक माध्यामबाट मात्र बोलपत्र पेश गर्न सक्नेछ । यदी दुवै प्रणाली प्रयोग गरी बोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वत: रद्ध हुनेछन् ।

७. बोलपत्र सम्बन्धी कागजात लगायतका अन्य विषयमा छलफल गर्न **मिति २०७२।०९।२७ गते सोमवार १२:०० बजे** यस अस्पतालमा प्रि-विड मिटिङ्गको आयोजना गरिने छ । उल्लेखित मिति अगावै बोलपत्र फारम खरिद गर्न उपयूक्त हुने जानकारी गराईन्छ ।

८. बोलपत्रदाताले सबै, आंशिक वा कुनै एक सामानको लागि मात्र पनि बोलपत्र पेश गर्न सक्ने छन् । बोलपत्रमा उल्लेखित सामानहरु Individual Items (Itemwise) मूल्याँकन गरी स्वीकृत गरिनेछ ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन् ।

१०. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ ।

११. यस अस्पतालको फोन नं. ०१-४४१२५३० मा सम्पर्क गरी वा प्रवन्ध शाखाबाट बोलपत्र सम्बन्धी थप जानकारी लिन सकिनेछ ।

यो सूचना नेपाल प्रहरी अस्पतालको website www.nph.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.ppmo.gov.np मा पनि हेर्न सकिने छ ।

मेडिकल डाईरेक्टर
प्र.ना.म.नि.
नेपाल प्रहरी अस्पताल